कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)
गाईघाट(बोक्से), नेपाल

पत्र संख्या:- २०८२।२०८३
च.नं.-

नि. डिभिजनल वन अधिकृत

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना

**गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित मिति: २०८२।०९।१७**

यस कार्यालय अन्तर्गतको वेलकातरी(तपेश्वरी) राष्ट्रिय वनक्षेत्रमा आ.व. २०८१।०८२ मा ढलापडा रुखहरु कटान, मुछान गरी उत्पादन भई हाल तपेश्वरी सब.डि.व.का. अन्तर्गत खुरहुरिया चौरीमा घाटगद्दीमा रहेका लट नं. ११ देखि १५ सम्मका साल जातका गोलिया थान ३४० को २८२८.७१ क्यू.फि. र लट नं. १६ मा साल बाहेक अन्य विभिन्न जातका गोलिया थान ६० को ४९६.२२ क्यू.फि. काठ, साल दाउरा २ चट्टा र अन्य जातका दाउरा १.५ चट्टा जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न सुचना प्रकाशित गर्ने भनी यस कार्यालयबाट मिति २०८२।०९।१६ मा निर्णय भई मिति २०८२।९।१७ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा समेत सुचना प्रकाशन भएकोले भएकोले वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डि.व.का. मा सुचिकृत भएका र रीतपूर्वकको स्थायी लेखा नम्बर(PAN) वा आयकर दर्ताको प्रमाणपत्र प्राप्त काठ व्यवसायी, फर्म कम्पनी वा संघ संस्थाले यो सुचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र डिभिजन वन कार्यालय उदयपुर (उदयपुर), प्रदेश वन निर्देशनालय धरान, सुनसरी र वन तथा भू-संरक्षण विभाग, ववरमहल, काठमाण्डौबाट प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी तोकिएको म्याद भित्र खरिद गरिएको निकायमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्वन्धी थप जानकारीको लागि डिभिजन वन कार्यालय उदयपुर(उदयपुर) मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ । रित नपुगी र म्याद भित्र नआएका बोलपत्रहरुमाथि कारवाही नहुने र रितपुर्वक पर्न आएका बोलपत्रहरु यस कार्यालयको सुचना पाटीमा सुचना प्रकाशित भएको मिति र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि तथा अन्य प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

१. वन पैदावार सम्बन्धी विवरण

| लट/आ.व. | लिलाम हुने वन पैदावारको विवरण | | | | | प्रति क्यू.फि. न्यूनतम मुल्य | ग्रेडवाइजको न्यूनतम मुल्य रु. | कायम भएको न्यूनतम मोल रु. | संकलन खर्च/ प्रति क्यू.फि रु. | घाङ नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जात | प्रकार | ग्रेड | थान | परिमाण (क्यू.फि.) | | | | | |
| ११/०८२/०८३ | साल | गोलिया | A | ६ | ८५।४३ | १२५० | १०६७८८ | ४३४८४७ | १४८ | १०,११ |
| | | | B | २७ | २७१।०९ | ९०० | २४३९८१ | | | |
| | | | C | २३ | १२७।४३ | ६०० | ७६४५८ | | | |
| | | | D | ५ | २५।४० | ३०० | ७६२० | | | |
| लट नं ११ को जम्मा | | | | ६१ | ५०९।३५ | | ४३४८४७ | | | |
| १२/०८२/०८३ | साल | गोलिया | A | १५ | १९२।३१ | १२५० | २४०३८८ | ४५७८१६ | १४८ | १५ |
| | | | B | २१ | १७०।६३ | ९०० | १५३५६७ | | | |
| | | | C | १४ | ८८।२८ | ६०० | ५२९६८ | | | |
| | | | D | ७ | ३६।३१ | ३०० | १०८९३ | | | |
| लट नं १२ को जम्मा | | | | ५७ | ४८७।५३ | | ४५७८१६ | | | |
| १३/०८२/०८३ | साल | गोलिया | A | ८ | ९८।९२ | १२५० | १२३६५० | ४८३७८५ | १४८ | १२, १६ |
| | | | B | ३६ | ३४३।३७ | ९०० | ३०९०३३ | | | |
| | | | C | १२ | ६५।१४ | ६०० | ३९०८४ | | | |
| | | | D | ६ | ४०।०६ | ३०० | १२०१८ | | | |
| लट नं १३ को जम्मा | | | | ६२ | ५४७।४९ | | ४८३७८५ | | | |

CamScanner

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)

गाईघाट(वोक्से), नेपाल

पत्र संख्याः- २०८२।२०८३
च.नं.-

| लट/आ.व. | लिलाम हुने वन पैदावारको विवरण | | | | | प्रति क्यू.फि. न्यूनतम मुल्य | ग्रेडवाइजको न्यूनतम मुल्य रु. | कायम भएको न्यूनतम मोल रु. | संकलन खर्च/ प्रति क्यू.फि रु. | घाड नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जात | प्रकार | ग्रेड | थान | परिमाण (क्यू.फि.) | | | | | |
| १४/०८२/०८३ | साल | गोलिया | A | १० | १४९।८३ | १२५० | १८७२८८ | ४७७०३७ | १४८ | ३,१९ |
| | | | B | १९ | १७३।८८ | ९०० | १५६४९२ | | | |
| | | | C | ४१ | १९१।२३ | ६०० | ११४७३८ | | | |
| | | | D | १८ | ६१।७३ | ३०० | १८५१९ | | | |
| लट नं १४ को जम्मा | | | | ८८ | ५७६।६७ | | ४७७०३७ | | | |
| १५/०८२/०८३ | साल | गोलिया | A | २० | ३०९।४७ | १२५० | ३८६८३८ | ६८८७१३ | १४८ | ५,९ |
| | | | B | २३ | २२७।०७ | ९०० | २०४३६३ | | | |
| | | | C | २६ | १५३।९१ | ६०० | ९२३४६ | | | |
| | | | D | ३ | १७।२२ | ३०० | ५१६६ | | | |
| लट नं १५ को जम्मा | | | | ७२ | ७०७।६७ | | ६८८७१३ | | | |
| १६/०८२/०८३ | करम | गोलिया | A | ४ | ६४।१५ | ४०० | २५६६० | ११८८९१ | गोलिया काठ प्रति क्यू. फि. रु १४८ र दाउरा प्रति चट्टा रु १७००० | गोलिया १७ र १८ |
| | करम | | B | ८ | ६०।१८ | ३०० | १८०५४ | | | |
| | हाडे | | | ३६ | ३१३।८० | १०० | ३१३८० | | | |
| | बो.ध. | | | ४ | १८।१५ | १०० | १८१५ | | | |
| | असना | | B | ८ | ३९।९४ | ३०० | ११९८२ | | | |
| | गोलिया जम्मा | | | ६० | ४९६।२२ | | ८८९११ | | | |
| | साल जातका दाउरा २ चट्टा | | | | | १२००० | २४००० | | | |
| | अन्य जातका दाउरा १.५ चट्टा | | | | | ४००० | ६००० | | | |

२. वोलपत्र खरिद तथा दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः

क) खरिद गर्ने अन्तिम मितिः २०८२।१०।०७ गते कार्यालय समयसम्म

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८२।१०।०८ गते दिनको १२.०० बजेसम्म

(अन्तिम दिन सार्वजनिक विदा भएमा सो को भोलिपल्ट )

३. वोलपत्र डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर), प्रदेश वन निर्देशनालय, धरान र वन तथा भू-संरक्षण विभाग, बबरमहल काठमाण्डौबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४. वोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.वा. बैंक, गाईघाटमा रहेको धरौटी खाता नं. २०९०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिनासम्मको लागि हुनुपर्नेछ ।

६. वोलपत्र फारम हरेक लटको रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको लेखा शाखा वा वन निर्देशनालय, धरान, वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौबाट खरीद गर्न सकिनेछ ।

७. लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयभित्र घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

CamScanner

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)

गाईघाट(वोक्से), नेपाल

पत्र संख्या:- २०८२।२०८३

च.नं.-

८. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराईटरले बोलपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नं.(PAN) दर्ताको प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्र र वन (दोस्रो संशोधन)नियमावली, २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डि.व.का.मा सूचिकृत/अद्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी निवेदन साथ पेश गर्नुपर्नेछ र बोलपत्र दाखिला गर्दा समेत उक्त कागजातहरु पेश गर्नु पर्नेछ ।

९. निर्धारित गरिएका न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु सार्वजनिक सूचना गरी डिभिजन कार्यालय, उदयपुर(उदयपुर)मा साक्षीहरुको रोहबरमा खोलिनेछ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धिकर तथा कटान, मुछान खर्च समेत अलग्गै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र सकारकर्ताले उठाई लैजानु पर्नेछ ।

११. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२. बोलपत्र सदर वा बदर गर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा रहनेछ ।

१३.उपरोक्त बमोजिमको सुचनामा कुनै कुरा हेरफेर वा संशोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ । सो को जानकारी यस कार्यालयको Facebook page" डिभिजन वन कार्यालय उदयपुर" बाट गराईनेछ ।

१४. अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ बमोजिम हुनेछ ।

१५. यस सम्बन्धमा थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं. ०३५-४२२१३४, सुचना अधिकारीको मोवाइल नम्वर ९७६८८०१९३१/९८४५१०६२५९ र वन व्यवस्थापन शाखाको मोवाइल नं. ९८५२८३७२२२ मा सम्पर्क गर्न सकिनेछ ।

१६. वन (दोस्रो संशोधन) नियमावली, २०७९ को नियम १२८(८) तथा कोशी प्रदेश वन नियमावली, २०८० को नियम १४८ बमोजिम सुचीकृत नभएका वा सूची अद्यावधिक नभएका उद्योगहरुले लिलाम प्रकृयामा भाग लिन पाउने छैनन ।

१७. अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

CamScanner